**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**
**<u>आदेश</u>**
**०७३-WO-१०९२**

विषयः <u>उत्प्रेषणसमेत ।</u>

ललितपुर जिल्ला साविक गोदावरी गा.वि.स. वडा नं. ९ हाल गोदावरी न.पा. वडा नं. ४ घर भई नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्ज काठमाडौंमा प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत नवराज सिलवाल ......................................१ निवेदक

<u>विरुद्ध</u>

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ..१ विपक्षी
मन्त्रिपरिषद्, मुकाम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं .....................................................................................१
श्री पुष्पकमल दाहाल, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं ...................................................................१
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं.....................................................१
गृह मन्त्री, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं.....................................१
गृह सचिव लोकदर्शन रेग्मी, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं.....................१
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं...............................................१
दाङ जिल्ला, त्रिभुवननगर नगरपालिका वडा नं. ११ घर भई हाल प्रहरी प्रधान कार्यालय, नक्सालमा गैरकानूनी रुपमा बढुवा गरिएका प्रकाशकुमार अर्याल..........१

यसमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री हरिहर दाहाल, श्री बालकृष्ण न्यौपाने, श्री तुलसी भट्ट, श्री बाबुराम कुँवर तथा विद्वान अधिवक्ताहरु श्री हरि फुँयाल, श्री टिकाराम भट्टराई समेतले गर्नु भएको वहस जिकिर सुनियो। अब यसमा देहाय बमोजिम गर्नुः

(१) यसमा के कसो भएको हो? निवेदक नवराज सिलवालको निवेदन माग बमोजिमको रिट आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार वा कारण भए

खुलाई २०७४ साल वैशाख १५ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाउँमा म्याद सूचना तत्काल जारी गरी ३ दिन भित्र म्याद तामेली कार्य समेत सम्पन्न गराउनु।

(२) प्रस्तुत विवादमा यस अदालतको वृहत् पूर्ण इजलासबाट भएको आदेश प्रतिकूल विपक्षीहरुबाट काम कारवाही र निर्णय भएको भनी निवेदक तर्फबाट जिकिर लिएको देखिएको हुँदा सम्वेदनशील प्रश्न समावेश भएको देखिएकोले यसलाई विशेष रुपमा प्राथमिकता प्रदान गरी निरोपण गर्न आवश्यक भएको हुँदा पूर्ण सुनुवाईका लागि मिति २०७४।१।१९ गते पेश गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५क. बमोजिम आदेश गरिएको छ। तदनुसार गर्नु ।

(३) विवादित विषयवस्तुको महत्व, गम्भीरता र सम्वेदनशीलता तर्फ दृष्टिगत गर्दा यसमा छिटो छरितो रुपमा सुनुवाई कार्य सम्पन्न गर्नु वाञ्छनीय देखिएकोले यसमा लिखित जवाफ पेश गर्ने सम्बन्धमा गुज्रेको म्याद नथामिने (अर्थात २०७४।१।१५ भित्र नै लिखित जवाफ पेश गरी सक्नु पर्ने) र निवेदक वा विपक्षी कुनै पक्ष वा निजहरु तर्फका कानून व्यवसायीहरुको अनुरोधमा पेशी समेत स्थगित नहुने कुराको पूर्व जनाउ विवादका पक्ष, विपक्ष सबैलाई दिनु।

(४) यिनै निवेदकले दायर गरेको ०७३-WF-००२२ को निवेदन उपर यस अदालतका ५ जना न्यायाधीश संलग्न वृहत् पूर्ण इजलासबाट सुनुवाई भई मिति २०७३।१२।८ मा आदेश भएको देखिएको र प्रस्तुत विवादको विषयवस्तुको गम्भीरता र सम्वेदनशीलता तर्फ दृष्टिगत गर्दा यो विवादको पूर्ण सुनुवाई समेत पूर्ण इजलासबाट हुनु मनासिव देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(च) को प्रयोजनार्थ सम्माननीय प्रधान न्यायाधीश समक्ष पेश गर्नु।

(५) निम्नानुसारका मिसिल, फायल ७(सात) दिन भित्र झिकाई प्रस्तुत मिसिल सामेल राख्नु:

(क) निवेदक नवराज सिलवाल विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७३-WO-००२२ को मिसिल र सोसँग लगाउमा रहेका सबै मिसिलहरु साथै राख्नु।

(ख) निवेदक प्रकाश अर्याल विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७३-WO-०९८७ को मिसिल साथै राख्नु।

(ग) श्री प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३।१२।२८ मा भएको निर्णय सहित सो सम्बन्धी कारवाही भए गरिएका सबै फायलहरु सम्बन्धित निकायबाट झिकाउनु।

(घ) रिट निवेदक नवराज सिलवाल, विपक्षी मध्येका प्रकाश अर्याल तथा निजहरुसँग एकै मितिमा प्रहरी नायव महानिरीक्षक पदमा नियुक्त भएका व्यक्तिहरु जयबहादुर चन्द र बमबहादुर भण्डारी समेत चार जनाको कार्यसम्पादन मूल्याङ्कन फारामहरु (आ.व. २०६९/०७० देखि आ.व. २०७२/०७३ सम्मको) सक्कलै प्रति गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, लोकसेवा आयोग, मन्त्रिपरिषद् सचिवालय समेत जो जहाँ छ, झिकाई मिसिल सामेल राख्नु।

(६) रिट निवेदकले अन्तरिम आदेश जारी गरी पाऊँ भनी माग गर्नु भएको सन्दर्भमा विचार गर्दा विपक्षी मध्येका प्रकाश अर्याललाई मिति २०७३।१२।२८ गते प्रहरी महानिरीक्षक पदमा नियुक्त गरिएको, निजलाई सोही दिन दर्ज्यानी चिन्ह प्रदान गरिएको र निजले तत्काल पद बहाली गरेको भन्ने कुरा निवेदन व्यहोरा र विद्वान बरिष्ठ अधिवक्ताहरुको वहस जिकिरबाट देखिन आएको छ। नेपाल प्रहरीको महानिरीक्षक पद अपेक्षाकृत लामो अवधि रिक्त रही निमित्तबाट नेतृत्व प्रदान भएको तथ्य समेत मिसिलबाट देखिएको छ। शान्ति सुरक्षाको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने प्रहरी संगठनको नेतृत्व प्रदान गर्ने महानिरीक्षक पदमा नियुक्त भएका व्यक्तिलाई कार्य सम्पादन गर्नबाट निषेध गर्ने गरी अहिले अन्तरिम आदेश जारी गर्दा आसन्न स्थानीय तहको निर्वाचनका सिलसिलामा शान्ति सुरक्षा कायम गर्ने कार्य प्रभावित हुन सक्ने अवस्था तर्फ पनि यस इजलासको ध्यानाकर्षण भएको छ। रिट निवेदकले माग गरेको न्यायिक उपचार र उठाएका कानूनी प्रश्नहरुको निरोपण पूर्ण सुनुवाईका अवस्थामा हुन सक्ने नै देखिन्छ। वस्तुतः अदालतबाट भएको निर्णयादेश (फैसला) विपरीत वा कानून वा न्यायका मान्य सिद्धान्त प्रतिकूल **यदि** विपक्षीहरुबाट कुनै निर्णय भएको प्रमाणित हुन आएमा त्यस्तो निर्णयले मान्यता प्राप्त गर्न नसक्ने कुरा प्रष्ट नै छ। यस कुराको समग्रमा न्यायिक परिक्षण गर्ने कार्य विवादको पूर्ण सुनुवाई हुँदाका अवस्थामा गर्नु उचित हुने देखियो। अतः सुविधा सन्तुलनका दृष्टिले विचार गर्दा अहिले अन्तरिम

आदेश जारी गर्नु मनासिव नदेखिएकोले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन। अरु नियमानुसार गर्नु।

न्यायाधीश

इति संवत् २०७३ साल चैत्र ३० गते रोज ४ शुभम्-------------------------------------।